
के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १२ गते सोमबार ❑ 25 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## आयोगको जनविश्वास टुट्न दिनु हुँदैन: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले परीक्षा प्रणालीको गुणस्तरीयतालाई कायम राख्दै गण्डकी लोक सेवा आयोगप्रतिको जनविश्वास टुट्न दिन नहुने बताउनुभएको छ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको तेस्रो वार्षिकोत्सवको आइतबार उद्घाटन गर्दै प्रदेश प्रमुख भट्टले आयोगलाई आफ्नो गरिमालाई कायम राख्दै नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहेर आफ्ना गतिविधि प्रभावकारी रुपमा अगाडि बढाउन सुझाव दिनुभयो। "लोक सेवा आयोगले आफ्नो योग्यता, निष्पक्षता र स्वच्छता आजको मितिसम्म पनि कायमै राख्न सफल भएकोमा त्यसप्रति धन्यवाद व्यक्त गर्दै अवका दिनमा पनि आयोग अझ बढी प्रभावकारी रुपमा अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "आयोगमा राजनीतिक हस्तक्षेप हुन दिनुहुदैन् ।" गण्डकी



प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले निष्पक्षताको विश्वासिलो संस्था आयोग मात्र रहेको बताउँदै उहाँले आयोगले आफ्ना काम कारबाही द्रूतगतिमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । नेपालको शैक्षिक जनशक्ति रोजगारीका लागि विदेशिने क्रम अत्यधिक भएका कारण रिक्त पदपूर्तिका लागि आयोगले छिटोछिटो परीक्षा सञ्चालन गरी उनीहरुलाई नेपालमा नै बस्ने वातावरण सिर्जना गर्नुपर्ने उहाँले बताउनुभयो । नेपाली जनताले राजनीतिक परिवर्तनका लागि पटक-पटक लड्नुपर्ने अवस्था सिर्जना हुँदा देशमा राजनीतिक स्थिरता आउन नसकेकोप्रति चिन्ता व्यक्त गर्नुभयो । यहाँका राजनीतिक दलहरुले मुलुकलाई कसरी राजनीतिक स्थिरतातर्फ लान सकिन्छ भन्ने तर्फ ध्यान दिन जरुरी भएको उहाँले बताउनुभयो। गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले लोक सेवा आयोगको निष्पक्षता, गोपनीयता र जनविश्वास टुट्न दिन नहुने बताउनुभयो । लोक सेवा आयोग देशको स्थायी सरकार हो, यसले आफ्नो गरिमालाई कायमै राख्दै अझ बढी प्रभावकारिता बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । उच्च अदालत पोखराका मुख्यन्यायाधीश राजनप्रसाद भट्टराईले आयोगले स्थापनाकालदेखि नै आफ्नो निष्पक्षता, स्वच्छता र योग्यतालाई कायमै राख्दै अगाडि बढेकोप्रति खुसी व्यक्त गर्दै अबका दिनमा पनि आयोगले आफ्नो प्रभावकारिता र जनाविश्वास कायमै राख्नुपर्नेमा जोड दिनुभयो।

लोक सेवा आयोग गण्डकी प्रदेशका अध्यक्ष विष्णुप्रसाद नेपालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा आयोगले गरेको आफ्ना काम कारबाहीबारे प्रकाश पारिएको थियो । उक्त अवसरमा आयोगद्वारा आफ्नो तेस्रो वार्षिकोत्सवमा प्रकाशित स्मारिकाको विमोचनसमेत गरिएको थियो।

## खेलकुदमा भएको चाकडी प्रथाको अन्त्य गर्नुपर्छ: मन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठले खेलकुदमा चाकडी गर्ने परिपाटीले गर्दा खेलकुद क्षेत्र अघि बढ्न नसकेको बताउनु भएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका युवा नेता समेत रहनु भएको मन्त्री श्रेष्ठले आइतबार पोखरा रंगशालाको अवलोकन गर्दै खेलकुदमा चाकडी गर्ने सिस्टमले गर्दा खेलकुदको विकास हुन नसकेको बताउनु भएको हो।

उहाँले भन्नु भयो, "खेलकुदको विकास गर्न एक प्रशिक्षकले आफ्ना खेलाडीहरु उत्पादन गर्नु भन्दा पनि कुन नेताको कसरी नजिक हुँदा आफुलाई फाइदा हुन्छ, कसरी चाकडी गर्न सकिन्छ भन्ने सोच्नाले



नेपाली खेलकुदको विकास हुन सकेन, अब चाकडी गर्ने प्रथाको अन्त्य गर्नुपर्छ।" पोखराको बेगनास तालमा आइतबार देखि सुरु भएको प्रथम राष्ट्रिय ड्रागन बोर्ट रेस प्रतियोगिताको उद्घाटन गर्न पोखरा आउनु भएको मन्त्री श्रेष्ठले पोखरा आएको सन्र्दभमा रंगशालाको अवलोकन गर्दै पोखरा रंगशालामा विभिन्न अन्तराष्ट्रिय स्तरका खेलहरु समेत भएको अबस्थामा बाँकी रहेका केही भौतिक पूर्वाधार निर्माणमा आफुले बिषेश पहल गर्ने वचन दिनु भयो । पोखरा रंगशालाको हाल मर्मत संहार गर्नुपर्ने अत्यावसेक खेल संरचनाको आवश्यक डकुमेन्ट समेत ल्याउन माग गर्दै मन्त्री श्रेष्ठले पोखरामा धेरै खेल संघको सक्रियतामा खेल मैदानहरु निर्मण भएकोमा प्रशंसा गर्दै यसमा राज्यले अब अपनत्व लिने जनाउनु भयो।

मन्त्री श्रेष्ठ समक्ष पोखरा रंगशालामा हिटिङ सहितको सुइमिङ पुल आवश्यक भएको, फुटवल स्टेडिएममा फ्लट लाइट आवश्यक भएको, सुटिङ ट्रेनिङ सेन्टर आवश्यक भएको, क्रिकेट मैदानको थप मर्मत संहार सहित पेभिलेन्ट निर्माण, स्क्वास, गल्फ, भलिवल, मुआथाई लगायतका खेल मैदान तथा कोर्टहरुको बारेमा जनाकारी गराइएको थियो। राखेपका सदस्य राजेश कुमार गुरुङ, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानियाँ लगायतले पोखरा रंगशालामा भएका खेल संरचनाको बारेमा जानकारी गराउनु भएको थियो।

## वडाका सरकारी स्कुलको शैक्षिक गुणस्तर सुधारका लागि ९ बुँदे प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

पोखरा महानगरपालिका ९ नं. वडा कार्यालयले वडाभित्रका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार र एक रूपताका लागि ९ बुँदे प्रतिवद्धता जारी गर्दै कार्यशाला गोष्ठी सम्पन्न गरेको छ।

गोष्ठीको उद्घाटन गर्दै वडा अध्यक्ष दिपेन्द्र मर्सानीले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि सम्भव छ भन्ने अवधारणापत्र प्रस्तुत गर्दै नयाँ शैक्षिक सत्रदेखि नै देखिने गरी सुधारका काम गर्न, शिक्षा क्षेत्र सुधारको सुरुवात ९ नम्बर वडाबाट भएको सन्देश राष्ट्रव्यापी रुपमा दिन आग्रह गरे । सामुदायिक विद्यालय प्रदान गरेको शिक्षामा



९ नं. वडा कार्यालयलले चासो देखाउँदै सरकारी विद्यालयलाई अब्बल बनाउन के गर्न सकिन्छ भन्ने विषयमा गुनासा, सुझाव र अपेक्षा सङ्कलन गरिएको वडा सचिव कुलराज पौडेले जानकारी दिए। गोष्ठीमा तिन समूहले विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, टोलविकास संस्था र वडा कार्यालयको भूमिकामा समूहगत छलफल गरी प्रस्तुतिमा आएका सुझावहरूलाई नयाँ शैक्षिक सत्रदेखि कार्यान्वयन गर्न गराउन सहमत भई वडा अध्यक्ष दिपेन्द्र मर्सानी, सदस्यहरू गिता चर्माकार, नन्दराम गिरी, भावना श्रेष्ठ र लक्ष्मी पहारीको रोहवरमा प्रतिवद्धतामा हस्ताक्षर गरेका छन् । वडा कार्यालयले प्रतिवद्धतालाई कार्यान्वयन गर्न आवश्यक बजेट र लगानी गर्ने घोषणा गरेको छ । महेन्द्र माध्यमिक विद्यालय व्यववस्थापन समितिका अध्यक्ष जगतबहादुर खत्री, प्रधानाध्यापक रामदत्त पौडेल, नवप्रभावत माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रिती पाण्डे, प्रधानाध्यापक मायाकुमारी थापा, सहरा बाल आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विक्रम थकाली र प्रधानाध्यापक लोचना अधिकारीले ९ बुँदे प्रतिवद्धतामा हस्ताक्षर गर्दै नयाँ शैक्षिक २०८१ बाट शैक्षिक गुणस्तर अभिवृद्धि र एकरुपताका लागि सहमति जनाएका हुन् । प्रतिवद्धतामा ९ नं. वडा कार्यालयले आगामी शैक्षिक सत्रदेखि शिक्षा क्षेत्रमा न्यायोचित बजेट विनियोजन गर्ने, अभिभावकलाई


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पर्यटकले पोखरामा होली पर्व मनाए



**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत


नेपालको पर्यटनको राजधानि पोखरामा आइतबार स्वदेशी तथा विदेशी पर्यटकहरु रंगिदै, छमछमी नाच्दै होली पर्व मनाएका छन् । पोखराको लेकसाइड क्षेत्रमा केन्द्रित भएको होली विशेष कार्यक्रम लेकसाइडको सडक देखि विभिन्न क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरु सामुहिक रुपमा एक आपसमा रंग लगाउदै, खुसी साटसाट गर्दै छमछमी नाच्दै होली पर्व मनाएका छन् । लेकसाइड क्षेत्रमा होली बिशेष कार्यक्रम आयोजना हुँदा उक्त कार्यक्रममा सहभागिहरुलाई व्यबस्थापन गर्न प्रहरी र आयोजकलाई हम्मेहम्मे भएको थियो।

रेष्टुरेण्ट एण्ड वार एशोसियसन नेपाल (रेवान) पोखराले आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका यस बर्ष पनि होली महोत्सव २०८० भव्य रुपमा सम्पन्न गरिएको रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले बताउनु भयो। उक्त महोत्सवको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले उद्घाटन गर्दै यस्ता नेपाली सांस्कृतिक पर्वले पोखराको पर्यटन प्रबर्द्धनमा मद्धत पुगेको जनाउनु भयो। यस्ता महोत्सव कार्यक्रममा शान्ति सुरक्षालाई कुनै खलल नपुग्ने गरी मनाउन उहाँको सुझाव थियो । रंगै रंगको पर्व, दुख भुल्ने, प्रेम, सद्भावका साथै पुराना शत्रुता भुली एक अर्कालाई थरि थरिको रंग लगाई मित्रता साटासाट गर्ने पर्वको रुपमा पर्यटकहरुसंग एक आपसमा रंग लगायर होली पर्व मनाइएको अध्यक्ष भट्टराईले बताउनुभयो । महोत्सव अम्मट चौताराबाट सुरु भई आन्तरिक तथा वाह्य पर्यटकहरुलाई सहभागी गराई सामुहिक रुपमा होली खेल्दै, पञ्चे वाजा र संगितका साथमा होली खेल्दै गौरीघाट, वाराहीचोक हल्लनचोक हुदै खहरेचोक सम्म खेल्दै कार्यक्रम सम्पन्न भएको थियो । महोत्सवको प्रवर्द्धकमा नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेश कार्यालय रहेको थियो। पोखराको लेकसाइडमा विदेशीसंग स्थानिय युवा तन्नेरी देखि बृद्धबृद्धासम्म होली खेलेको देखिएको थियो । पोखराको लेकसाइड केन्द्रिय गरी विभिन्न स्थानमा होली पर्व बिषेश कार्यक्रम गरिएको थियो।

पोखरा सांगीतिक कलाकार संघको आयोजनामा कलाकार कोष अभिवृद्धि तथा कलाकार उपचार अक्षयकोषको स्थापना गर्न पोखराको क्याम्पिङ चौरमा होली म्यूजिक फेष्टिवल-२०८० भएको संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले बताउनु भयो । प्रवेश निःशुल्क रहेको 'पोखरा होली म्यूजिक फेष्टिवलमा 'जोमसोमै बजार, बाह्र बजे हावा सरर' बोलको गीतका ओरिजिनल सिंगर तथा नेपथ्य व्याण्डका पूर्व भोकलिष्ट गौतम गुरुङसहित आधा दर्जन चर्चित कलाकारहरुले प्रस्तुती रहेको संघका अध्यक्ष गुरुङले बताउनु भयो। कार्यक्रमको अन्त्यमा डिजे भिटिजे बिजयले डिजेईङको मज्जा चखाउँदै समापन गरिएको कार्यक्रम संयोजक तथा संघका सचिव भाष्करध्वज श्रेष्ठले बताउनु भयो। त्यसै गरी पोखराको


बाँकी अन्तिम पृष्ठमा ▶▶





# अब बागलुङदेखि पोखरा विद्युतीय माइक्रोबस

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

बागलुङदेखि पोखराका लागि विद्युतीय माइक्रोबस सेवा सञ्चालनमा ल्याइएको छ । धौलागिरि गण्डकी यातायात सेवा प्राली बागलुङले आजदेखि इलेक्ट्रिक बस सेवा सञ्चालनमा ल्याएको हो ।

सुरुआती चरणमा दुई बस सञ्चालनमा ल्याएको समितिका अध्यक्ष उमेश केसीले बताउनुभयो । विद्युतीय सवारसाधनको बढ्दो माग र प्रयोग हुन थालेपछि प्रालीले पहिलो पटक बागलुङदेखि पोखराका लागि विद्युतीय माइक्रोबस सञ्चालनमा ल्याइएको उहाँको भनाइ छ । रु एक करोड १० लाख लागतमा इलेक्ट्रिक बस सेवा सञ्चालन गरिएको अध्यक्ष केसी बताउनुहुन्छ । एउटा गाडीको मूल्य रु ५५ लाख रहेको उहाँको भनाइ छ । 'इलेक्ट्रिक' बस सेवा सञ्चालनमा ल्याइएसँगै वातावरण प्रदूषणमा कमी आउने, इन्धनमा लाग्ने खर्च नहुने र नेपालमै उत्पादित विद्युत्को प्रयोग हुने उहाँ बताउनुहुन्छ । यसले यात्रुलाई पनि सहज यात्रा गर्न टेवा पुग्ने अध्यक्ष केसीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रविधिको विकाससँगै अहिले विश्वमा धेरै प्रकारका सवारीसाधन सञ्चालनमा आएका छन्, हामीहरुले पहिलो पटक पोखरा-बागलुङ विद्युतीय माइक्रोबस सेवा सञ्चालन गरेका छौं, सुरुआती चरणमा दुई बसबाट सेवा सुरु गरिएको छ, एउटा बागलुङबाट छुट्छ र अर्को पोखराबाट छुट्छ, यसले यात्रुलाई सहजता हुने अपेक्षा गरेका छौं, पेट्रोल र डिजेलबाट चल्ने गाडीले जस्तो धुवाँ फाल्दैन त्यसले गर्दा पर्यावरण सफा राख्न मद्दत पुऱ्याउँछ, पेट्रोल र डिजेलमा खर्च हुने पैसासमेत जोगिनेछ, चार्जिङका लागि पनि व्यवस्थापन भइरहेको छ ।"

हाललाई बागलुङदेखि पोखरासम्मका लागि रु चार सय ५० भाडादर निर्धारण गरिएको छ । बस उपल्लाचौरमा रहेको बागलुङ बसपार्कदेखि छुट्नेछ । अध्यक्ष केसीले विद्युतीय बस निर्धारित समयमै छुट्ने र गन्तव्यमा पुग्ने बताउनुभयो । जिल्लामा अधिकांश सवारीसाधन छुट्ने र गन्तव्यसम्म पुग्ने समयको निश्चित नहुँदा कैयौं यात्रुले सास्ती भोग्ने गरेको जनाउँदै उहाँले त्यो अवस्था पनि अन्त्य गर्न सघाउ पुग्ने बताउनुभयो ।

बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले विद्युतीय बसको सेवा शुभारम्भ गर्नुभएको थियो । उहाँले समयानुकूल हरेक क्षेत्रमा परिवर्तन हुन जरुरी रहेको भन्दै धौलागिरि यातायात सेवा प्रालीले पहिलो पटक यो सेवा विस्तार गरेकामा धन्यवाद दिनुभयो । उहाँले बजार क्षेत्रमा ध्वनि तथा वायु प्रदूषण हुनबाट रोक्न विद्युतीय गाडीले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

# १२ औं आलु महोत्सवको तयारी तीव्र

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

बिष्णु पादुका क्लब पोखरा २५ हेमजाको आयोजनामा हुन लागेको १२ औं राष्ट्रिय हेमजा आलु महोत्सव-२०८० को तयारी तिव्र पारिएको छ । यही चैतको २५ गतेदेखि बैशाख ५ गतेसम्म सञ्चालन हुने महोत्सवको तयारी तिव्र पारिएको आइतबार मुल आयोजक समिति तथा उपसमिति सँग बसेको बैठकमा जनाइएको छ ।

बैठकमा टिकट, स्थानीय पास तथा एक दिने पासको बारेमा छलफल गरिएको छ । यही चैत १५ गतेदेखि स्थानीय पास वितरण गरिने महोत्सव मुल आयोजक समितिका महासचिव बसन्त कुमार श्रेष्ठले जानकारी दिनुभयो । महोत्सवको तयारी स्वरुप आमा समूह तथा केही संघ संस्थासँग प्रारम्भिक चरणको छलफल सकिएको छ । साथै विभिन्न स्थानमा गेट बनाउने काम भइरहेको छात्यसै गरि सार्वजनिक



बसमा ब्यानर राखिएको छ । महोत्सवलाई कृषि, पर्यटन तथा व्यापार मेलाको रुपमा विकास गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको हो । 'सुन्दर ठाउँ हेमजा जाउँः आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने मुल नाराका साथ महोत्सव गर्न लागिएको हो । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत रहनेछन् । कोरोना भाइसरका कारण बीचमा ३ वर्ष रोकिएको महोत्सवलाई गत वर्षदेखि क्लबले निरन्तरता दिएको हो ।यस वर्ष महोत्सवमा करिब ५० टन आलु बिक्री हुने आयोजकको अपेक्षा छ ।

## स्वदेशी ...

बाराहीघाट खेल मैदान र सेन्टर प्वाइन्टमा समेत सामुहिक होली उत्सव भएको थियो ।

पोखरामा सामुहिक रुपमा मनाइएको होली कार्यक्रमले पोखरामा आउने पर्यटकहरुको बसाई अवधि समेत लम्बाउनमा धेरै मद्धत पुगेको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । पोखरालाई पर्यटनको राजधानि घोषणा हुनुले पोखराको पर्यटन प्रबर्द्धनमा थप टेवा पुगेको उहाँको भनाई छ । आइतबार स्वदेशी तथा विदेशी पर्यटकहरु लेकसाइडमै ओइरिनुले व्यवसायलाई यसले थप आशा जगाएको अध्यक्ष श्रेष्ठले बताए । पोखरा लेकसाइडको किवि ब्याक प्याकर्स होस्टेलमा आएका २० बढी विदेशी पर्यटकहरु होलीको कारण केही दिनको लागि पोखरामै बसाई अवधि बढाएको होस्टेलका संचालक सुमन भट्टराईले बताउनु भयो । पोखरामा मनाइने भाईटिका महोत्सव, रोपाई महोत्सवले समेत पोखरामा पर्यटकको बसाई अवधि लम्बाउने गरेको उहाँले दाबी गर्नु भयो ।

## वडाका ...

वडा शिक्षा समितिमार्फत् अभिभावक शिक्षा सञ्चालन गर्ने, पोखरा महानगरपालिकाको शिक्षा महाशाखाको समन्वयमा विद्यालय व्यवस्थापन समिति र शिक्षकलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने, प्रधानाध्यापकहरूले वार्षिक शैक्षिक कार्ययोजना निर्माण गरी लागु गर्ने, कार्यसम्पादनका आधारमा उत्कृष्ट शिक्षकलाई सम्मान गर्ने, विद्यार्थीले कठिन ठानेका विषयमा आवश्यकता अनुसार अतिरिक्त कक्षा सञ्चालन गर्ने, विपन्न विद्यार्थी पहिचान गरी आर्य आर्जनका लागि सिपमुलक र उद्यमशीलता तालिम सञ्चालन गर्ने, अतिरिक्त सिर्जनात्मक क्रियाकलाप सञ्चालन गर्न शिक्षकको व्यवस्थापन गर्ने, वडाभित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई एकरूपताको लागि एकै प्रकारको ब्याचको व्यवस्थापन गर्ने उल्लेख गरिएको छ । टोलविकास संस्था वडा समन्वय समिति पोखरा ९ को समन्वयमा आयोजित गोष्ठीमा अध्यक्ष उत्तम जोशी, वडा बाल मञ्चकी उपाध्यक्ष परी बस्नेत, महेन्द्र माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगतबहादुर खत्री, नवप्रभात माध्यमिक विद्यालयक व्यवस्थापन समितका अध्यक्ष प्रिती पाण्डे, सहारा बाल आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विक्रम थकाली, पोखरा महानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत जीवन रेग्मी, सञ्चारकर्मी सुरेश रानाभाट, शिक्षक जितबहादुर खनाल, रुपा केसी लगायतका वक्ताले वडाभित्रका ३ वटा सरकारी विद्यालयको सुधार र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि वडाले गरेको पहल प्रशसनीय रहेको धारणा राखे । वडा अध्यक्ष दिपेन्द्र मर्सानीको सभापतित्वमा सम्पन्न कार्यशाला गोष्ठीमा वडा सदस्य नन्दराम गिरीले स्वागत मन्तव्य राखेका थिए भने वडा सचिव कुलराल पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए ।

# भिटोफ गण्डकीको ठूलाकोट-ठूलास्वारा गाउँ परिचयात्मक भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल(भिटोफ) गण्डकी प्रदेशको आयोजनामा दुईदिने गाउँ परिचयात्मक भ्रमण सम्पन्न भएको छ ।

पोखरा पर्यटन राजधानी घोषणा भएको सन्दर्भमा आसपासका पर्यटकीय गाउँको पर्यटकीय प्रवर्द्धनको उद्देश्यका साथ पर्यटन सम्बद्ध संघ संस्थाका प्रतिनिधि, पर्यटन विज्ञ, सञ्चारकर्मी समेतको सहभागितामा कार्यक्रम गरिएको भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले जानकारी दिनुभयो ।

पोखराबाट नजिकै रहेको प्राकृतिक, सांस्कृतिक सँगै धार्मिक पर्यटनका दृष्टिले सम्भावना युक्त स्थानको प्रवर्द्धन गर्ने उद्देश्यका साथ यस पटक ठूलाकोट-ठूलास्वारा लाई समेट्न खोजिएको उहाँले बताउनुभयो । कास्कीको पोखरा महानगरपालिका वडा नं २८ मा पर्ने ठूलाकोट र मादी गाउँपालिका वडा नं ५ मा पर्ने ठूलास्वारा दुबै गाउँ पर्यटनका दृष्टिले आकर्षक गन्तव्य हुन् । ठूलास्वारामा पर्यटकलाई लक्षित गरी होमस्टे पनि सञ्चालन गरिएको छ । नेपालका २२/२४ राजाका पालादेखि नै चासो र चर्चा कमाएको ठूलाकोट-ठूलास्वारा क्षेत्र बेलायती राजकुमार चार्ल्सले पदयात्रा गरेको क्षेत्र भएका कारण पनि रोयल ट्रेक क्षेत्रका रुपमा पनि प्रसिद्ध छ । तारामण्डल अवलोकनका लागि पनि उपयुक्त गन्तव्यका पर्ने यो स्थानलाई पर्यटकीय रुपमा प्रवर्द्धन र विकास गर्ने सोच राखिएको नेपाल पर्यटन बोर्डका पूर्व कार्यकारी सदस्य



एवम् पोखरा पर्यटन परिषद्का पूर्व सदस्य टीकाराम सापकोटाले बताउनुभयो ।

गाउँ परिचयात्मक भ्रमण अन्तर्गत शुक्रबार पोखरा-२८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछाने, जनप्रतिनिधि एवम् स्थानीयवासीसँग अन्तरक्रिया गरिएकोमा शनिबार मादी गाउँ पालिकाका अध्यक्ष देवीजङ्ग गुरुङ, जनप्रतिनिधि, ठूलास्वारा सामुदायिक होमस्टेका पदाधिकारीसँग छलफल एवम् अन्तरक्रिया गरिएको थियो । छुट्टाछुट्टै भएका अन्तरक्रियामा वडा अध्यक्ष लामिछाने, गाउँपालिका अध्यक्ष गुरुङ लगायतले भिटोफ गण्डकीले प्रवर्द्धनात्मक कार्यक्रमका लागि यस क्षेत्रलाई समेटेको भन्दै आभार व्यक्त गर्नुभएको थियो । यस क्षेत्रको पर्यटन विकासका लागि पर्यटनसम्बद्ध संघसंस्थासँग सहकार्य गर्न आँफूहरू आतुर रहेको बताउँदै उहाँहरूले पर्यटनसँग गाउँलाई जोड्न सकेमा बढ्दो गाउँ पलायनका अवस्थालाई रोक्दै उत्पादन बढाउन सकिनेमा जोड दिनुभयो । ठूलाकोटमा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष लामछाने सहित नेपाल पर्यटन बोर्डका पूर्व कार्यकारी सदस्य एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष टीकाराम सापकोटा, वडा सदस्य डाल्डादेवी भुजेल, देउमाडी टोल विकास संस्थाका अध्यक्ष सन्तोष केसी, पर्यटन विज्ञ रामजी शर्मा, भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारी, प्राध्यापक दीपेन्द्र पहारी लगायतले बोल्नुभएको थियो । त्यस्तै ठूलास्वारामा सम्पन्न कार्यक्रममा गाउँपालिका अध्यक्ष गुरुङ सहित नेपाल पर्यटन बोर्डका पूर्व सदस्य टीकारम सापकोटा, बोर्डका बरिष्ठ अधिकृत कुन्दन मिश्र, मादी गाउँपालिका होमस्टे महासंघका अध्यक्ष भीम गुरुङ, भिटोफ गण्डकी सदस्य एवम् कार्यक्रम संयोजक विमला सापकोटा, चितेपानी देउराली आमा समूहका अध्यक्ष सावित्री सापकोटा, टान गण्डकीका अध्यक्ष धर्मराज पन्थी, होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, पर्यटन विज्ञ डा. रामजी शर्मा, प्राध्यापक दीपेन्द्र पहारी, मादी -५ का वडा अध्यक्ष होमनाथ अधिकारी, ९ का अध्यक्ष मनोज गुरुङ, स्थानीय समाजसेवी कुमबहादुर गुरुङ, लगायतले बोल्नुभएको थियो । भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव लक्ष्मण पहारीले गर्नुभएको थियो ।

# उपनिर्वाचनमा एमालेबाट सुहाङ नेम्बाङ उम्मेदवार

**रासस**
काठमाडौं, ११ चैत

नेकपा (एमाले)ले इलाम क्षेत्र नं २ को उपनिर्वाचनमा सुहाङ नेम्बाङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा आइतबार बसेको सचिवालय बैठकले उहाँलाई उम्मेदवार बनाउने निर्णय गरेको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो । सुहाङ नेम्बाङ सोही क्षेत्रका एमाले नेता सुवास नेम्बाङका कान्छा छोरा हुनुहुन्छ । सुवासको मृत्यु भएपछि सो क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । यसैगरी बझाङको प्रदेश १ मा हुने उपनिर्वाचनमा एमालेले



दमनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । यी दुवै क्षेत्रमा आगामी वैशाख १५ गते उपनिर्वाचन हुन लागेको छ ।

यस्तै बैठकपछि उपमहासचिव ज्ञवालीले नयाँ राजनीतिक सहकार्य भएपछि मुलुकमा केहीमात्रामा आशाको सञ्चार भएको प्रतिक्रिया दिनुभएको छ । "हाम्रो पार्टी यस सरकार र सरकारको कार्यसम्पादनलाई प्रभावकारी बनाउँदै समाजमा रहेको निराशा चिर्ने, अवरुद्ध भएका विकास, समृद्धि र सुशासनको प्रक्रियालाई नयाँ गतिदिने र देश राष्ट्रको हितको रक्षा र सम्वर्द्धनमा केन्द्रित भएर लाग्ने पार्टीले ठोस सङ्कल्प गरेको छ", उहाँले भन्नुभयो ।


सरकारले पनि त्यही हिसाबले आफ्ना कामलाई अझबढी चुस्त बनाई समस्या केन्द्रित गरी जनतामा भरोसा जगाउने गरी अगाडि बढोस् भनेर एमालेले सुभेच्छा व्यक्त गरेको पनि जानकारी दिनुभयो । सो बैठकले मस्कोमा भएको आतङ्ककारी हमलाको निन्दा र भर्त्सना पनि गरेको छ ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# मेलमिलाप र सद्भावको पर्व होली

बसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावको पर्वको रुपमा फागु पुर्णिमालाई लिने गरिन्छ । फाल्गुण शुक्ल पूर्णिमाका दिन मनाइने फागु पर्व पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइन्छ तराइमा भने त्यसको भोलीपल्ट मनाइने गरिन्छ । फागु पर्वमा विभिन्न रंग दलेर मनाउने गरिन्छ । रिस, राग ईर्ष्या गर्न छाडेर आपसी एकता, सद्भाव र मित्रता कायम गर्न प्रण गर्ने दिन पनि हो फागु (होली) । फागु पूर्णिमा धार्मिक कथासँग जोडिएको पर्व हो । त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले विष्णु भक्त आफ्ना पुत्र प्रल्हादलाई मार्ने उद्देश्यले ब्रम्हाबाट आगोले हुन नसक्ने बरदान पाएकी आफ्नी बहिनी होल्लिकालाई प्रल्हदका साथ दन्किरहेको आगोमा पस्न लगाउदा होलिका आफैं भष्म भएकी तर भक्त प्रल्हादलाई आगोले छुन नसकेको कथा फागुसँग जोडिएको छ ।

शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिको प्रतिक बनेकी होलिका मारिएको उपलक्ष्यमा फागु खेल्ने परम्परा चलेको मानिन्छ । द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न मामा कंशद्वारा पठाइएको राक्षस्नी पुतनाले विष दलिएको स्तन चुसाउन लाग्दा असफल भइ मारिइन । पुतनालाई गोपालवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको धर्मग्रन्थमा उल्लेख छ । अनेक मिथकमा आधारित फागु वा होली हाम्रो मौलिक पर्व हो । फागु वा होलीलाई रंगको पर्वको रुपमा समेत मनाउने गरिन्छ । नेपालका हिमाल, पहाड र तराइमा मनाउने गरिन्छ । मुस्ताङमा थकालीहरुले तोरन्त भनेर मनाउँछन् । फागुमा प्रयोग हुने रंगमा रातो रंगलाई विजयको प्रतिक मानिने गरिन्छ । होलीका दहनलाई सत्यको विजय भएको ठानी विजयप्रकट गर्ने रातो रंग प्रयोग हुने गरेको छ । निलो रंग मानवता र धैर्यतालाई दर्शाउँछ । पहेलो रंग भगवान श्रीकृष्णको प्रिय रंग हो ।

होलीले मानिस अनि रंगहरुवीचको सम्बन्ध र रंगले पार्ने उत्साह वा बारेमा व्याख्या गरेर रंगको पर्वको रुपमा लिने गरिएको छ । यो पर्व नेपालको सबै भूगोल, हिन्दु, बौद्ध र मुस्लिम धर्म मान्नेले पनि मनाउने गरेका छन् । सबै उमेर समुहले फागु मनाउने गर्दछन् । फागु पर्वमा पहाड र तराईमा छुट्टाछुट्टै दिन सार्वजनिक विदा दिने गरिएको छ । सबै समुदायका नेपालीवीच एक आपसमा भाइचारा र घनिष्टता अभिवृद्धि गर्न सघाउँदै आएको छ । जसरी होली एकता, सद्भाव, मित्रताका लागि खेलिन्छ त्यसरी नै देश र जनताको समृद्धि र खुशीका लागि राजनीतिक शक्ति, दल र दलभित्रको मेलमिलाप, एकता र सद्भावको खाँचो छ चाडपर्वहरु मनाउँदा त्यसको ऐतिहासिक र सांस्कृतिक महत्ववारे जानकारी दिने काम कम हुँदै गएको छ । हरेक चाडपर्व अहिले व्यापार गर्ने माध्यम भएका छन् । खेतवारी, जंगल या प्रकृतिमा उम्रेका या भेटिने प्राकृतिक रंग प्रयोग गरेर खेलिने फागु आयातित रंगको प्रयोग हुने गरेको छ । मानव स्वास्थ्यमा असर पार्ने रंगको प्रयोग गर्ने, टिसर्ट बनाएर बेच्ने, मादक पदार्थ र पेय पदार्थ बेच्ने अवसरको रुपमा लिने गरिएको छ ।

रंग दल्ने भन्दा पिचकारी छ्याप्ने काम भएका छन् । हाम्रा संस्कृतिमाथि एकपछि अर्को अतिक्रमण भएको छ । पर्वहरु हाम्रो जीवनका पर्याय हुन् । पर्व मनाउँदा सु–स्वास्थ्य र दिर्घायुको कामना गर्ने गरिन्छ । पूजीवादले मानवको स्वास्थ्य, दिर्घायू र खुशी भन्दा व्यापारलाई जोड दिँदा पर्वमा विकृति भित्रीएका छन् । आयातित सामानले मौलिकता हराउ"दै गएको छ । पर्व बुझेर मनाउने र मानव जीवनलाई असर पुऱ्याउने रंग र अन्य बस्तु भन्दा प्राकृतिकको प्रयोग गरेमा पर्वको सान्दभिकता वढेर जानेछ । बजारको लहलहैमा बस्तु र सामाग्रीको प्रयोग गरेमा स्वास्थ्यमा असर पुग्ने र मौलिकता हराउदै जान्छ । हामीले मनाउने चाडपर्वको महत्व बुझ्नु र बुझाउनुपर्छ । बुझेर मनाउन सकेमा चाडपर्वको महत्व बढेर जानेछ । फागु पर्वको सबैमा शुभकामना !



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाव |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : व्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# विकास पुगेका गाउँमा पनि छैनन् युवा

पोखरापत्र संवाददाता
म्याग्दी, ११ चैत

चिटिक्क परेका ढुङ्गे घर । फराकिला आँगन । गाउँको बीचैमा सुविधासम्पन्न मोटरबाटो । गाउँकै मुनि पायक परेको धानखेत । माध्यमिक तहसम्म अध्ययन गर्न गाउँमै विद्यालय । स्वास्थ्यचौकी र घरघरमा पुगेको छ इन्टरनेट । भट्ट हेर्दा लोभलाग्दो देखिने धौलागिरि गाउँपालिकाको मुना गाउँ यी पूर्वाधारले थप सम्पन्न छ ।

डेढ दशकअघिसम्म सदरमुकाम बेनी बजार आवजावत गर्न गाउँदेखि दुई/तीन दिन पैदलयात्रा गर्नुपर्थ्यो । एक गाग्री पानी लिन डेढ घण्टा लाममा बस्नुपर्थ्यो । अहिले त्यस्तो छैन । विकासका पूर्वाधार गाउँमा पुगेका छन् । तर गाउँमा युवा छैनन् । अध्ययन, व्यापार, रोजगारी र बसाइँसराइका कारण गाउँका अधिकांश घरमा ज्येष्ठ नागरिक र महिला मात्र छन् । "डेढ दशकको अवधिमा यति धेरै परिवर्तन होला भनेर कल्पनासम्म गरेका थिएनौँ," धौलागिरि गाउँपालिका–३ मुदीका ६९ वर्षीय टेकबहादुर भण्डारीले भन्नुभयो, "हाम्रो पालामा विकास भनेको कस्तो हुन्छ होला भनेर सोच्ने गर्दथ्यौं । अहिले विकास त आयो तर यो मर्ने बेलामा हरियो काँक्रो जस्तो मात्र भयो ।" गाउँमा खरले छाएका घर देख्नै मुस्किल छ । गाउँगाउँमा पक्की घर निर्माण गर्ने होड चलेको छ ।

अक्करे भीर फोडेर खनेका सडकमा मोटर गुडेका छन् । तर गाउँबाट बसाइँ जाने क्रम रोकिएको छैन । गएको दुई वर्षमा मुना गाउँका ३१ परिवारले बसाइँसराइ गरेर अन्यत्र गएका वडा सदस्य नरकुमारी बुढाले बताउनुभयो । गाउँमा भौतिक विकाससँगै ग्रामीण जनताको जीवनशैली र चेतना परिवर्तन भएको तर, युवा नहुँदा गाउँ शून्य भएको उहाँको अनुभव छ ।"सुविधाका हिसाबले गाउँ र सहरमा खासै फरक छैन । डेढदशक अघिका गाउँ र अहिलेका गाउँमा धेरै कुरामा परिवर्तन आएको छ ।

सबैभन्दा ठूलो परिवर्तन जनताले सुविधा उपभोग गर्न पाएका छन्", वडासदस्य बुढाले भन्नुभयो, "तर त्यो सुविधाबाट लाभान्वित हुनुपर्ने वर्ग गाउँमा छैन ।"यस्तो अवस्था मुना गाउँको मात्रै होइन । जिल्लाका ६ वटै स्थानीय तहमा उस्तै छ । एक लाख १४ हजार जनसङ्ख्या रहेको म्याग्दीमा साविकका ४१ गाउँ विकास समितिमध्ये गुर्जा बाहेक सबै ठाउँलाई मोटरबाटोले छोएको छ ।

विकासका पूर्वाधारसँगै सर्वसाधारणको आयमा वृद्धि भएको र जीवन शैलीमा परिवर्तन देखिएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । विशेष गरी पश्चिम म्याग्दीमा धेरै युवा पलायन भएका छन् । मालिका गाउँपालिका–१ निस्कोटबाट मात्रै एक सय ७२ जना युवाहरु अवैध बाटो भएर अमेरिका पुगेका छन् ।

सहरमा भैँ गाउँमा विकास पुगेपनि गाउँमै रोजगारीको अभावले गर्दा युवाविहीन भएको मालिका गाउँपालिका–६ का वडाध्यक्ष पथबहादुर रोकाले बताउनुभयो ।

# पाहुना पर्खँदै घरबास

पोखरापत्र संवाददाता
म्याग्दी, ११ चैत

मङ्गला गाउँपालिका–१ मा सञ्चालित टोड्के पूर्णगाउँ सामुदायिक घरबास (होमस्टे) पाहुनाको पर्खाइमा छ । टोड्के भ्रमणमा आउने पर्यटक र पाहुनालाई लक्षित गरेर सञ्चालन गरिएको घरबास कोरोना महामारीपछि लयमा फर्कन सकेको छैन ।

टोड्के पूर्णगाउँ सामुदायिक घरबास सञ्चालक समितिका अध्यक्ष दुर्गादत्त आचार्यले पछिल्लो समय पाहुना नआउँदा घरबास सुनसान रहेको बताउनुभयो । "सुरु गरेको डेढ वर्षमा पाहुनाले दिन खाली हुँदैनथ्यो, विदेशी पर्यटक पनि आउन थालेका थिए", उहाँले भन्नुभयो, "कोरोनाको महामारी फैलिएपछि घरबासमा पाहुना आएका छैनन्, पाहुना आउने आशामा छौं ।"

गण्डकी प्रदेश सरकारको सहयोगमा पूर्णगाउँका ११ घरमा सञ्चालन भएको घरबासमा प्रतिदिन २२ जना बास बस्ने क्षमता रहेको छ । दूध, दहीसहितको अर्गानिक सादा खाना रु दुई सय, मासु खाना रु तीन सय तथा 'बेड'को रु एक हजार मूल्य निर्धारण गरिएको छ ।

फापर, आलु, मुला तथा बर्खायाममा निगालोको टुसाको परिकारको स्वाद लिन पाइन्छ । साथै यहाँ पारिवारिक वातावरणमा रमाउन पाइन्छ । गुन्द्रुकको अचार र सुप पनि चखाउने गरिएको घरबास सञ्चालक गङ्गा आचार्यले बताउनुभयो । पर्यटक नआउँदा आम्दानीको अवसरबाट बञ्चित भएको उहाँले बताउनुभयो ।

अग्रिम जानकारी गराए खीर, लोकल कुखुरा, खसीको मासु, सेलरोटीका साथै भजन, चुड्का, पुर्ख्यौली र पञ्चेबाजामा रमाउन पाइन्छ । उहाँका अनुसार पाहुनाघरमा स्वागत सत्कार गरेर बास बस्न घरघरमा लैजाने गरिएको छ ।

म्याग्दीको बेनीदेखि एक घण्टा ३० मिनेट गाडी र पाँच घण्टा पैदलयात्रा गरेपछि पूर्णगाउँ पुगिन्छ । पूर्णगाउँदेखि एक घण्टा उकालो पैदलयात्रा गरेपछि समुन्द्री सतहदेखि दुई हजार चार सय मिटर उचाइमा रहेको टोड्के पुगिन्छ ।

लालीगुराँसको जङ्गलकाबीचमा रहेको पहाडको टाकुरा टोड्केदेखि सूर्योदय, सूर्यास्त, पहाडीभूगोलरपृष्ठभूमिमा धवलागिरि, नीलगिरि, मानापाथी, अन्नपूर्ण, माछापुच्छ्रे हिमाल अवलोकन गर्न सकिन्छ । वसन्त ऋतुमा टोड्केको पाखा लालीगुराँस फुलेर रङ्गिएको छ ।

छोटो अवधिको बिदा मनाउन र सहरी क्षेत्रको कोलाहलबाट मुक्त भएर एकान्त वातावरणमा रमाउनका लागि टोड्के उपयुक्त गन्तव्य हो । सडक यातायात पुगेको टोड्केमा खान, बस्नका लागि व्यवस्थित होटल र घरबास पनि छ । धौलागिरि पानोरमा सांस्कृतिक र धौलागिरि सेञ्चुरी पदमार्गमा समेटिएको टोड्के हुँदै मालिका, ठाडाखानी, कुईनेखानी, फिँलगायतका गाउँ र धार्मिक पर्यटकीयस्थलको भ्रमणमा पनि जान सकिन्छ ।

# एकीकृत घुम्ती शिविरमा २३ हजार पशुको उपचार

पोखरापत्र संवाददाता
दमौली, ११ चैत

तनहुँको म्याग्दे गाउँपालिकामा सञ्चालित एकीकृत घुम्ती शिविरमा २३ हजारभन्दा बढी पशुको उपचार भएको छ । गत फागुन २१ देखि चैत ८ गतेसम्म सबै वडामा सञ्चालित शिविरबाट २३ हजार तीन सय ३६ पशुको उपचार भएको हो ।

उक्त शिविरबाट सातवटा वडाका एक हजार नौ सय २६ जना पशुपालक किसान लाभान्वित भएको गाउँपालिकाका पशु सेवा शाखा प्रमुख डा विनय शाहले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिबाट प्रदान गरिने सबै सेवा वडा र टोलस्तरबाट प्रदान गर्ने सिलसिलामा पशु सेवा शिविर सञ्चालन गरेका थियौँ, शिविरमा गाईभैँसी, बाख्रा, कुखुरा, बङ्गुरलगायत पशुको उपचार गरेका छौँ । टोलमै सेवा पाउँदा किसानलाई पनि सजिलो भयो ।" पशु चिकित्सक डा शाहका अनुसार उक्त पालिकाको वडा नं १ स्थित बाखेमा एक हजार तीन सय ५५, टाक्रिडमा दुई हजार दुई सय ४९, वडा नं २ स्थित गुञ्जारामा आठ सय तीन, जामुनेमा दुई हजार दुई सय ३६, वडा नं ३ स्थित किल्चोक र बेल्टारमा एक हजार चार, जनगणपति माविमा एक हजार एक सय ६९, वडा नं ४ स्थित कोल्डाँडामा एक हजार आठ सय ४६, छिम्लेश्वारामा दुई हजार ५६, वडा नं ५ स्थित छाङपाटनमा दुई हजार चार सय ४९, साउनेपानीमा दुई हजार १२ पशुको उपचार गरिएको हो ।

यसैगरी वडा नं ६ स्थित सर्वलाङमा एक हजार नौ सय २३, वडा नं ७ स्थित माभिलाङमा दुई हजार तीन सय ६०, रानीश्वारामा एक हजार आठ सय ७४ पशुको उपचार गरिएको छ । अन्य समयमा किसानहरूले पशु नै सम्बन्धित पशु सेवा केन्द्रसम्म ल्याएर उपचार गर्नुपर्ने अवस्था रहे पनि घुम्ती शिविरका बेला पशु प्राविधिक नै टोलमै पुगेर सेवा दिएको डा शाहले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाले बेला–बेलामा यसरी नै टोल तहसम्म पुगेर घुम्ती शिविर सञ्चालन गर्दा पशुपालक किसानलाई राहत पुग्ने गरेको छ ।" घुम्ती शिविरबाटै बीमाको प्रचार–प्रसार गरिएको थियो । आकस्मिक रोग तथा क्षति न्यूनीकरण गर्न पशुको बीमा गर्न किसानलाई प्रोत्साहन गरिने डा शाहको भनाइ छ । पशुवस्तुको बीमाका लागि किसानले बुझाउने रकम गाउँपालिकाको पशु सेवा शाखाबाट पुनः किसानलाई प्रदान गरिने कार्यक्रम चालु आर्थिक वर्षमा पनि जारी रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पशु बीमा गरेपछि पशुको क्षति भएमा किसानलाई क्षतिपूर्ति मिल्नेछ, बीमा निःशुल्क भएकाले यसको प्रचारप्रसारमा जोड दिएका छौँ ।" पशु सेवा शाखाले घाँसमा आधारित पशुपालनलाई पनि जोड दिएको छ । पशुपालनको ७० प्रतिशत लागत आहारामा खर्च हुने हुँदा मौसमअनुसारको जै, सुपर नेपियर, मकेचरी वर्षिमलगायत घाँसखेती गरी घाँसमा आधारित पशुपालनबाट उत्पादन लागत घटाउँदै आम्दानी बढाउन कृषकलाई अनुरोध गरिएको डा शाहले बताउनुभयो । डा शाहका अनुसार घुम्ती शिविरमा आकस्मिक तथा महामारीजन्य रोग रोकथाम तथा न्यूनीकरणका लागि खोरेत, भ्यागुते, चरचरे, पिपिआर, स्वाइन फिवर र कुकुर बिरालोमा रेबिजविरुद्धको खोप लगाइएको थियो । उहाँले भन्नुभयो, "रेबिज नियन्त्रणका लागि चालु आर्थिक वर्ष २०८०/८१ भरि नै कुकुर बिरालोमा रेबिजविरुद्धको खोप निःशुल्क पशु सेवा शाखाबाट प्रदान हुँदै आएको छ ।"

# पर्वतको कुर्घामा एक सय मिटर लामो गुफा भेटियो

पोखरापत्र संवाददाता
पर्वत, ११ चैत

पर्वतको फलेवास नगरपालिका वडा नं १० कुर्घामा एक सय मिटर लामो नयाँ गुफा फेला परेको छ ।

कुर्घाको समथर फाँटमा भेटिएको गुफाभित्र पत्थरबाट बनेका नागदेवताका विभिन्न आकृति, गाई, गाईका थुन र अन्य देवीदेवताका आकर्षक मूर्ति भेटिएका छन् । गुफाका हरेक भागका पत्थरमा नागका मूर्ति प्रशस्त मात्रामा भेटिएकाले स्थानीयले यसको 'नागगुफा' नाम राखेका छन् । यहाँभित्र विभिन्न धातुबाट बनेका मूर्ति पनि भेटिएका छन् । आजभन्दा २५–३० वर्षअघि नै गुफा भेटिएको भए पनि स्थानीयले खासै चासो दिएका थिएनन् । सामान्य प्वालजस्तो ठानेर स्थानीयवासीले बेवास्ता गरेको भए पनि पछिल्लो समय स्थानीयले खोजी गर्दा विशाल गुफा भेटिएको स्थानीय अगुवा भवानीप्रसाद शर्माले बताउनुभयो । गुफा भेटिएसँगै स्थानीय यसको प्रचारप्रसार र प्रवर्द्धनमा जुटेका छन् । यसको उचित ढङ्गले प्रचारप्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटकका आकर्षणको केन्द्रका रुपमा यसलाई विकास गर्न सकिने फलेवास नगरपालिकाका उपप्रमुख शोभाकुमारी क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "गुफाभित्र विभिन्न देवीदेवताका आकृतिमात्र नभई धातुबाट बनेका मूर्ति भेटिएकाले यसले पौराणिक र ऐतिहासिक महत्व बोकेको हुनसक्ने भन्दै अनुसन्धान गरिने बताउनुभयो । उत्तरदक्षिण जोड्ने कालीगण्डकी करिडोर नजिकै पर्ने भएकाले पनि यसले जिल्लाकै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने स्थानीय मेघराज लम्सालले बताउनुभयो ।

यो गुफाको प्रचारप्रसार र प्रवर्द्धन गर्नसके कालीगण्डकी करिडोर हुँदै भारत र चीनको स्वशासित क्षेत्र तिब्बत आवतजावत गर्ने पर्यटकका निम्ति आकर्षक गन्तव्य बन्ने उहाँको भनाइ छ ।

स्थानीयवासीले आगामी नागपञ्चमीमा विशेष पूजाआजा गरी यसको प्रचारप्रसार तथा भौतिक पूर्वाधार निर्माणमा अघि बढ्ने योजना बनाएका छन् । पूर्वाधार निर्माण गर्न समिति बनाएर तीनवटै तहका सरकारसँग योजना माग गरिने लम्सालले जानकारी दिनुभयो ।

# सडक विस्तारसँगै सुनसान बन्दै गाउँ

पोखरापत्र संवाददाता
बागलुङ, ११ चैत

हिजोआज सडक नपुगेका बस्ती छैनन् । कच्ची भए पनि गाउँमा सडक पुगेपछि दिनदिनै मोटर गाडी गुड्छन् । मोटर गुड्न सडक गाउँसम्म विस्तार भएपछि पहिले हिँड्ने गोरेटो बाटोमा वनमारा पलाउनुका साथै काँडा उम्रिएका छन् । कुनै समय मानिस र वस्तुभाउ हिँड्ने गोरेटो अहिले सुनसान जस्तै बनेका छन् ।

बागलुङको दुर्गम मानिने ढोरपाटन क्षेत्रमा पनि अहिले धेरै ठाउँमा सडक पुगेको छ । एक दशक अगाडि पर्यटक तथा भक्तजनको घुइँचो हुने फल्लेघरबाट देउरालीसम्मको गोरेटो बाटो अहिले झाडी बन्न थालेको छ । योसँगै जिल्लाका ग्रामीण क्षेत्रमा रहेका सयौँ गोरेटो बन्द हुँदै गएका छन् । ढोरपाटन नगरपालिका–९ का वीरबहादुर सुनारले सुविधाले पुराना गोरेटो मासिएको बताउनुभयो । सडकले धेरै ठाउँका गोरेटोबाटो मासेको भन्दै भएका ठाउँमा पनि कोही नहिँड्ने उहाँको भनाइ छ ।

सुनारले पाका पूर्खादेखि हिँड्दै आएका बाटोलाई विकासले ओझेलमा पारेको भन्दै पुराना गोरेटोलाई पदमार्गका रुपमा विकास गर्नुपर्ने बताउनुभयो । विकासका नाममा जथाभावी सडक निर्माण हुँदा गोरेटोसहित पुराना मौलिक सम्पदासमेत मासिएको उहाँको भनाइ छ । "हाम्रो पालामा मोटर गाडी थिएनन् । अहिलेको जस्तो यति ठूला सडक पनि थिएनन् । बटौली, तानसेन पुगेपछि मात्रै गाडी देख्न पाइन्थ्यो । साँघुरो बाटोमा यात्रा गर्थ्यौं । उतिबेला हामीहरु हिँडेका बाटो अचेल बन्द छन्", सुनारले भन्नुभयो, "कतै मोटरबाटोले पुरिएका, कतै अप्ठ्यारा बनेका छन् । ती गोरेटोहरु प्रयोगविहीन भएका छन् । सरकारले पुरानो बाटोलाई व्यवस्थित पदमार्ग बनाउन सके बाहिरबाट आउने आगन्तुकलाई सहज हुने थियो ।" तमानखोला गाउँपालिका–१ का जितबहादुर घर्तीले मोटरबाटोले मान्छेलाई अल्छ बनाएको बताउनुभयो । पहिलेघण्टौँलगाएरहिँड्नेहरुअहिले १० मिनेटको दूरीमा पनि गाडी चढ्न खोज्ने उहाँको भनाइ छ । मोटरबाटोले गोरेटोबाटोसँगै कुवा, पोखरी, पानीको मुहान र चौपारी सबै विनाश गरेको घर्तीले बताउनुभयो । पहिले बजारबाट सामान ढुवानी गर्न घोडा, खच्चड प्रयोग गर्ने गरेको स्मरण गर्दै उहाँले अहिले गाडीमा ओसारपसार गर्न थालेको बताउनुभयो ।

गोरेटोबाटो ग्रामीण जीवनशैलीसँग जोडिएको भए पनि अव्यवस्थित विकासले अस्तित्व नै धरापमा परेको घर्तीको भनाइ छ । "मोटरबाटोले धेरै सुविधा ल्याएको छ । दिनभरी हिँडेर पुग्ने ठाउँमा अहिले एक घण्टामै पुऱ्याउँछ । सामान बोक्ने समस्या अन्त्य भएको छ । यसले अहिले हिँड्ने बानी पनि हटेको छ", उहाँले भन्नुभयो, "हामी सानो हुँदा गाउँमा गोरेटोबाटो मात्रै थियो । मान्छेहरु टाढा जानु परे पैदल यात्रा गर्नुपर्थ्यो । अहिले त्यहीँ (तलतिर) जाँदा पनि गाडी चाहिने, जुग जमाना फेरिएपछि गाउँका बाटाघाटा पनि फेरिएका छन् ।"

# तल्लो सेतीका लागि जग्गा प्राप्त गर्न स्वीकृति

**पोखरापत्र संवाददाता**
दमौली, ११ चैत

एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको एक सय २६ मेगावाटको तल्लो सेती आयोजनाका लागि जग्गा प्राप्त गर्न सरकारले स्वीकृति प्रदान गरेको छ।

सरकारले आयोजनाका लागि तनहुँमा करिब पाँच सय ७७ र चितवनमा करिब ३२ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिएको हो । केही दिन अगाडि बसेको मन्त्रिपरिषद्को बैठकले जग्गा प्राप्त गर्न स्वीकृति दिएको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले रासससलाई जानकारी दिनुभयो। लिमिडेटले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा उक्त प्रस्ताव गरेको थियो । सरकारले जग्गा प्राप्तका लागि स्वीकृति प्रदान गरेसँगै आयोजनाका लागि जग्गा अधिग्रहणको काम अगाडि बढाउन सहयोग पुग्ने श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "विविध कारणबस जग्गा प्राप्त गर्नका लागि स्वीकृति पाउन ढिलाइ भइरहेको थियो, सरकारको निर्णयसँगै अब जग्गा अधिग्रहणको कामलाई अगाडि बढाइनेछ ।" आयोजनाका प्रमुख श्यामजी भण्डारीले अब प्रारम्भिक अधिकृत तोकेर काम अगाडि बढाइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सरकारको निर्णयसँगै जलाशय क्षेत्रका लागि आवश्यक जग्गा अधिग्रहणको काम अगाडि बढाउन सहयोग पुग्नेछ ।" तल्लो सेतीको अडिट सुरुङ निर्माणका लागि हालैमात्र सम्झौता भएको छ । तल्लो सेती जलविद्युत् आयोजनाको तीन सय ७५ मिटर लामो अनुसन्धानात्मक अडिट सुरुङ निर्माणका लागि आरके इञ्जिनियरिङ एण्ड एशोसिएटससँग खरिद सम्झौतामा सम्झौता गरिएको छ । आयोजनाका लागि भौगर्भिक अवस्था परीक्षणका लागि अनुसन्धनात्मक अडिट सुरुङ निर्माण गर्न लागिएको भण्डारीको भनाइ छ । अनुसन्धानका लागि निर्माण गरिने उक्त सुरुङपछि अन्य कामका लागि प्रयोगमा आउने भण्डारीको भनाइ छ । डेढ वर्षभित्र उक्त सुरुङ निर्माण गरिसक्ने भण्डारीले बताउनुभयो । तल्लो सेती जलविद्युत् आयोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एशियाली विकास बैंक (एडिबी) ले लगानीका लागि चासो दिएको छ । "दुवै दाताहरु यसका लागि सकारात्मक छन्", भण्डारीले भन्नुभयो । उक्त आयोजनाको लागत रु २५ अर्ब अनुमान गरिएको छ । तनहुँ जलविद्युत् आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो ।

तल्लो सेती जलविद्युत् आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ। आयोजनाले विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाएको थियो । परामर्शदाताले पेस गरेको विस्तृत परियोजना प्रतिवेदन पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते प्रतिवेदन बुझाइसकेको छ। कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब तीन दशमलव पाँच मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी काजजात तयार गर्ने परामर्श सेवा खरिदकालागिवाप्कोसभारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो । आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब पाँच सय मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ । आयोजनाबाट बन्दीपुर-६, व्यास-१३ र १४, देवघाट-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी-५ र ६ तथा भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछ।

देवघाट वडा नं ४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ । उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ । यसका लागि करिब दुई किमी प्रसारण लाइनको निर्माण गर्नुपर्छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किमी लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुनेछ । आयोजनाबाट वार्षिकरुपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने जनाइएको छ।



दर्शक झुमाउँदै कलाकारः गायक विनोद बानियाँ र गायिका उषा गुरुङ होली पुर्णिमाको अवसरमा आइतरबार पोखरा लेकसाईडमा सांगीतिक कलाकार सङ्घले आयोजना गरेको दोश्रो 'होली म्यूजिक फेस्टिवल' मा दर्शक झुमाउँदै । तस्विर : धनबहादुर गुरुङ/रासस

# नेपाल मगर संघ रामबजारद्धारा प्रकाशित भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत



नेपाल मगर संघ रामबजार इकाइ समिति, महिला समिति र युवा समितिद्धारा संयुक्त रुपमा प्रकाशन गरिएको २०८१ सालको भित्तेपात्रो आइतबार विमोचन गरिएको छ।

संघको आफ्नै भवन लक्ष्मीटोलमा आयोजना गरिएको एक कार्यक्रममा समाजका जेष्ठ सदस्य आरएसएम पहलसिं थापा मगरले भित्तेपात्रोको विमोचन गरेका थिए।

भित्तेपात्रो विमोचन गर्दै थापा मगरले संघले गरेको ऐतिहारिक कार्य सह्रायिन रहेको बताउँदै यस अवसरमा आफूलाई सम्मान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो।

यसैगरी संघका सल्लाहकार क्या. नरेश थापा मगरले संघले प्रकाशन गरेको भित्तेपात्रोको छुट्टै महत्व रहनुका साथै मगर समुदाय विच व्यवसायिक समन्वय र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो। कार्यक्रममा संघका सल्लाहकार एवं संस्थापक अध्यक्ष कर्णबहादुर राना मगर, सल्लाहकार बेनबहादुर आले मगर, सल्लाहकार ढाल बहादुर सारु मगर, नेपाल मगर संघ जिल्ला समिति कास्कीका सहसचिव ओम विरकट्टा मगर, युवा संघ रामबजारका अध्यक्ष दिलु विरकट्टा मगर, स्याङ्जा विरुवा गा.पा. का अध्यक्ष प्रकाश थापा मगर लगायतले शुभकामना मन्तव्य राखेका थिए। भित्तेपात्रो प्रकाशनको लागि मुल समितिका उपाध्यक्ष क्या. अमर राना मगरको संयोजकत्वमा पाँच सदस्यीय प्रकाशन उपसमिति गठन गरिएको थियो।

जसमा सहसचिव बाबुराम रानामगर, महिला समितिका सचिव रेनु थापा मगर, कोषाध्यक्ष गिता आले मगर र युवा संघका उपाध्यक्ष जिवन थापा मगर (सुवर्ण) रहेका थिए।

मुल समितिका अध्यक्ष सुधा थापा मगरको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको संचालन सहसचिव बाबुराम रानामगरले गरेका थिए भने स्वागत मन्तव्य महिला समितिका अध्यक्ष लक्ष्मी थापा मगरले राखेकी थिइन्।

# तीन सय वर्ष पुरानो 'फागु' गीत संरक्षणमा युवा

**खेमराज गौतम**
बागलुङ, ११ चैत/रासस

मज्जाको फागुन जानैमा लाग्यो, धड्कन लाग्यो छाती हो...
औंला काटी कलम बनावे ।
रगत के मसिया बनावे... यै हो ॥
हाय हाय रगत के मसिया बनावे सखियाँ ।
धड्कन लाग्यो छाती हो...
छाला काटी काजत बनावे ।
विरहको चिठ्ठी लेखी भेज्यो...यै हो
हाय हाय विरह को चिठ्ठी लेखी भेज्यो सखियाँ
धड्कन लाग्यो छाती हो...

हरेक वर्ष फागुपूर्णिमाका अवसरमा बागलुङ बजारको नारायणचोकमा घन्कने फागु गीत हो यो । पछिल्लो समय यहाँका युवा पुराना पुस्ताको नासो संरक्षणमा लागेका छन् ।

फागु गीत मादलको तालमा लयबद्ध बनाउँदै गाउँदै होलीको रङ्गसँग रमाउँदै गाइने गीतलाई जीवन्तता दिन बागलुङका नेवार समुदायका युवायुवती जुटेका हुन् । संरक्षित यही ऐतिहासिक फागु गीतले पछिल्लो पुस्ताका युवायुवतीदेखि बुढाबूढीसम्मको ध्यान तान्दै आएको छ।

मादल र झ्याली बजाउँदै पुराना पुस्ता फागु भट्टाउँछन् भने नयाँ पुस्ता ती भाका छोप्दै गाउँने कार्यले नारायणचोक प्रत्येक वर्ष रङ्गिने गरेको छ। यहाँका नेवार समुदायले परम्परागत संस्कृतिको संरक्षण गर्दै होली मनाउन नेपाल भाष मंकाः खलःले अग्रसरता लिँदै आएको छ। नेवार समुदायमा सामूहिक भोजसहित यो गीत गाएर फागु खेलिन्छ । पछिल्लो समय अन्य समुदायका व्यक्तिको उपस्थितिले पर्वलाई थप उत्सहपूर्ण र मर्यादित मनाउँदै लगेको मंकाः खलःका अध्यक्ष मुकेश राजभण्डारीले बताउनुभयो।

पुरानो गीत पुरानो भाकामा गाउँदै यसपालिको होली उत्साहका साथ मनाउने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको उहाँको भनाइ छ। पाकादेखि युवा पुस्ताले तीन सय वर्ष पुरानो फागु गीत गाउँदा बागलुङ बजारमा फागुको छुट्टै रौनकता देखिने राजभण्डारीले बताउनुभयो।

सबै समुदायका व्यक्ति एकैठाउँमा जम्मा भएर, नाच्दै, गाउँदै, रङसँग रमाउँदै यो पर्व मनाउने गरिएको अध्यक्ष राजभण्डारीले बताउनुभयो । यसरी सभ्य भएर रमाइलो गरिरहँदा संस्कृतिका साथै पुराना परम्परा र लोक भाकासमेत संरक्षण भइरहेको उहाँको भनाइ छ । परम्परालाई संस्थागत गर्ने उद्देश्यले 'नेपाल भाषा मंकाः खलःको आयोजनामा बागलुङ बजारमा तीन सय वर्ष पुरानो फागु गीत बर्सेनि गाइँदै आएको राजभण्डारीले बताउनुभयो । "यो गीतलाई लिपिबद्ध गरेका छौँ । पहिला एउटा कपीमा लेखिएको अवस्थामा भेटिएको यो गीतलाई लिपिबद्ध गरेर प्रत्येक वर्ष गाउँदै आएका छौँ । पाका पुस्ताले मौखिकरुपमा गाउने गरे तापनि हराउने सम्भावना भएकाले लिपिबद्ध गरेर सुरक्षित गरिएको छ", राजभण्डारीले भन्नुभयो, "होलीको रौनकतामा पश्चिमा संस्कृति भित्रिएको पछिल्लो समयमा मौलिक पहिचान दिने पुराना 'फागु' गीत नारयणकोचमा बर्सेनि घन्किँदै आएको छ।"

आजको होलीलाई विशेष बनाउनका लागि खलःले पूर्वतयारी गरेको छ । नेवारी समुदायमा प्रचलित उक्त गीत नेपाली र अन्य भाषामा पनि लिपिबद्ध गरिएको राजभण्डारीले जानकारी दिनुभयो।

"फागु गीतमा बलिराजा, विष्णु, महादेव, गणेश, लक्ष्मण, दशरथ, भीमसेन र इन्द्रै जो आए पनि फागुको मजा लिन्छौँ, फागुको राग लिन्छौँ, गाउँछौँ, भनेर भनिएको छ", मंकाः खलःका संस्थापक संयोजक प्राज्ञ प्रेम छोटाले भन्नुभयो, "महिला र पुरुषबीचको मायाप्रेम, कृष्ण र गोपिनीबीचका मायापिरतीलगायतका भाव गीतमा समावेश गरिएको छ ।" मनको भावनालाई वसन्त राग शैलीमा रङ्ग्याउने गीत नै फागु गीत भएको उहाँको भनाइ छ । केही वर्षअघिसम्म सहरबजार र गाउँघरमा 'फागु' पूर्णिमा भनेर बोलिने रङ र आत्मीयताको पर्व अहिले होली भएसँगै परम्परागत महिमा र रौनकता हराउँदै गएकोप्रति यहाँका नेवार समुदाय चिन्तित भएपछि फागु पर्व संरक्षणमा लागिएको संस्थापक संयोजक छोटाले बताउनुभयो । होलीको रौनकतामा पश्चिमा संस्कृति भित्रिएको समयमा मौलिक पहिचान दिने पुरानो फागु गीत गाउँदा यहाँका पाका पुरानादेखि युवायुवती आश्चर्यमा पर्ने गरेका छन् । नेवारी समुदायमा प्रचलित उक्त गीत नेपाली र अन्य भाषामा लिपिबद्ध छ । पछिल्लो समयमा फागु पर्वमा अन्य समुदायलाई समेत समावेश गर्दै आइएको छ । मंकाः खलःले यहाँका नेवार समुदायका हरेक संस्कृतिको जगेर्नाका लागि नयाँ पुस्तान्तरणमा जोड दिँदै आएको छ।

# फागुको मौलिकता मासिदै गएकामा बुढापाका चिन्तित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ चैत

गाउँघरमा साथीभाइ, आफन्त भेला भएर गामबेँसीका मौलिक गीत गाउँदै नाच्दै फागु खेल्ने चलन क्रमशः लोभ भएसँगै अध्यात्म, मनोरञ्जन, रङ र आत्मीयताको पर्व होलीको महत्व पनि हराउँदै गएको बुढापाकाले बताएका छन् । साथै उनीहरूल फुगुको मौलिकता मासिएकामा पनि चिन्ता व्यक्त गरेका छन्।

सहरबजारमा मात्र होइन, गाउँघरमा पनि फागुको महत्व हराउँदै गएको ज्येष्ठ नागरिकहरू बताउँछन् । "फागुमा गाइने गीत अब एकादेशको कथामा परिणत भएका छन् । भाका हालेर होरी गाउने, हातेमालो गरेर नाँच्ने, केशरी र अबिर लगाइदिने प्रचलन हराउँदै गएको छ", मालिका गाउँपालिका-६ का ७४ वर्षीय दलसिंह सिउथानी भन्नुहुन्छ।

"पहिले-पहिले फागुपूर्णिमा आउनुभन्दा दुई-तीन दिनअघिदेखि नै मादल, झ्याली, मुर्चुङ्गा, खैँजडीलगायत विभिन्न परम्परागत वाद्यवादनका तालमा होली गीत गाउने र नाच्ने गरिन्थ्यो", उहाँले भन्नुभयो, "अहिले दुई-चार दिनअघिदेखि नै लोला हान्ने र होलीको नाममा पानी र के-के भरेर बन्दुक जस्तो पिचकारीबाट पानी छ्याप्न गर्छन् ।" "गाउँघरमा पनि पाश्चात्य संस्कृतिको प्रभाव परिसकेको छ, सहरबजारको हावा गाउँमा छिरिसकेको छ", पण्डित नीलकण्ठ आचार्यले भन्नुभयो, "अब भक्त प्रह्लाद र फूपू होलिकाको जीवन चरित्र कसले गाओस्, अग्निमा फालिदिँदा पनि प्रह्लादलाई आगोले जलाउन नसकेको प्रसङ्ग कसले पत्याओस् ।" फागु 'होली'मा परिणत भएपछि यो युवापुस्तामा मात्रै सीमित रहेको छ । उमेर ढल्केका र वृद्धवृद्धामा फागुको कुनै रौनक देखिँदैन। यस पर्वलाई विशेषगरी सहरबजारमा साथीभाइ, आफन्तबीच रङ खेलेर धुमधामका साथ मनाइन्छ । त्यसैको प्रभाव गाउँघरमा पर्न थालेपछि होलीको विशेष मौलिकता नै हराउन पुगेकामा वृद्धवृद्धाले चिन्ता व्यक्त गरेका छन् । फागु रङ दलेर आत्मीयता साट्ने प्रचलन ' होली' खेल्ने भनेर जथाभावी लोला हान्ने र मनपरी गर्ने पर्वमा रुपान्तरण भएपछि नेपाली परम्परागत प्रचलन र संस्कृतिले नै गोली खाएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ । आफ्नो मौलिक परम्परा, प्रचलित संस्कार र संस्कृतिभन्दा विपरीत किसिमल भड्किलो ढङ्गले यो पर्व मनाउने प्रचलन बढेकामा उनीहरू खिन्न छन् । विगतमा मनाइने 'फागु' र अहिले मनाइने 'होली' मा निकै फरक रहेको स्थानीय वृद्धवृद्धाहरूको भनाइ छ । "पहिले पहिले गाउँघरमा साथीभाइ जम्मा भएर कसैले फागु गीत झिक्ने, कसैले भट्याउने, कसैले मादल, झ्यालीलगायत वाद्यवादनका सामग्री बजाउने, कोही नाचेर रमाइलोसँग होली खेलिन्थ्यो", सिङ्गाका ७२ वर्षीय गणनाथ पौडेलले भन्नुभयो, "अहिले मोबाइलमा हिन्दी र अङ्ग्रेजी गीत घन्काउने, अण्डादेखि लिएर बन्दा र आलु प्रहार गर्ने, फोहर पानी खन्याइदिने, होलीको नाममा जे गरेपनि हुने जमाना आयो।"

"अहिले होली संस्कार, संस्कृति जोगाउनेभन्दा पनि रमाइलो गर्ने, साथीभाइ भेट भएर वनभोज खाने पर्वका रूपमा मनाइने गरिन्छ", २१ वर्षीय युवा प्रदीप पुनले भन्नुहुन्छ, "जे गर्दा रमाइलो हुन्छ, आनन्द आउँछ अहिलेका युवा त्यसैगर्न चाहन्छन् ।" समय परिवर्तनसँगै भएको मौलिक संस्कृतिको क्षयीकरण रोक्न बेलैमा सचेत नहुने हो भने मौलाउँदै गएको विकृतिले एक दिन भयानक अवस्था सृजना गर्ने बताउँदै स्थानीय बुद्धिजीवीले समाजका सबै वर्ग मिलेर संस्कति संरक्षण गर्नुपर्नेमा जोड दिएका छन्।

# 'जडीबुटीको पहिचान र प्रयोग विधि सिकेपछि स्थानीय दङ्ग'

**पोखरापत्र संवाददाता**
गोरखा, ११ चैत

पहिलेपहिले औषधिका रुपमा स्थानीयस्तरमा पाइने जडीबुटीको प्रयोग गरिए पनि आजभोलि कमैले मात्र गर्ने गर्दैछन् । शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतको पहुँच विस्तार भएसँगै सामान्यदेखि जटिल रोगको उपचारका लागि अस्पताल जानु अहिले सामान्य विषयवस्तु बनेको छ।

स्थानीयस्तरमा उत्पादन हुने जडीबुटीको सही तरिकाले प्रयोग गरी घरेलु उपचार विधिमार्फत विभिन्न रोगको सहजै निदान गर्न सकिन्छ भन्ने जानकारी पाएपछि गोरखा नगरपालिका-४ फिनामका स्थानीयबासी दङ्ग छन्।

आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा घैरुङ सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रमपछि स्थानीयस्तरमा पाइने जडीबुटीको प्रयोगले उपचार गर्न सकिन्छ भन्ने जानकारी पाएसँगै स्थानीय रुपा विक निक्कै खुसी भएको बताउनुहुन्छ। "तातोपानी वा तातो वस्तुले शरीरमा छाला जलेमा घरमै भएको घिउकुमारी प्रयोग गरेर पनि निको हुने रहेछ", उहाँले भन्नुभयो, "अभिमुखीकरण कार्यक्रमबाट स्थानीयरुपमा पाइने कुन जडीबुटी कुन रोगको उपचारमा काम लाग्छ भन्ने थाहा पाउँदा सजिलो भएको छ ।" स्थानीवासी सीता भट्टराईको घरको आँगनमा वर्षौंदेखि तुलसीको बोट छ। पूजा गर्नका लागि मोठ बनाएर रोपिएको तुलसी हरेक वर्ष हुर्कन्थ्यो, फुल्थ्यो र सुकेर खेर जाने गर्दथ्यो । सोही तुलसीको सेवनले रुघाखोकी, ज्वरो लगायतका विभिन्न रोग निको पार्न सकिन्छ भन्ने कुरा उक्त अभिमुखी कार्यक्रमपछि थाहा भएको उहाँको भनाइ छ । भट्टराईले तुलसीको सेवन गरेर कुन रोगको घरमै उपचार गर्न सकिन्छ भन्ने ज्ञान भएको बताउनुभयो । "घरको आँगन र बारी वरपर खेर गइरहेको जडीबुटीलाई औषधिको रुपमा प्रयोग गर्नसके राम्रो फाइदा पुग्नेरहेछ", उहाँले भन्नुभयो, "चिन्न र जान्नसके औषधि हाम्रै वरपर पनि प्रसस्त पाइने रहेछन्।" नचाहेर भन्दा पनि स्थानीयस्तरमा पाइने जडीबुटीका बारेमा जानकारी नहुँदा मानिसले यसको प्रयोगमा बेवास्ता गर्ने गरेको आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा घैरुङ शाखाका प्रमुख प्रशान्त पण्डितले बताउनुभयो । उहाँका अनुसार कतिपय अवस्थामा बिरामी भइहाले आकस्मिक उपचारका लागि अस्पतालसम्म पुग्न नसक्ने अवस्थामा, सामान्य खालका रोगको उपचार गर्न जडीबुटीको सेवन गर्न सकिन्छ।